# सामूहिक हिंसाको राजनीति किन भुसको आगो झैं सल्कदै छ?

Dr. Krishna B. Bhattachan, Ph.D.

**विषय प्रबेश**

यो साता पेट्रोलियम पदार्थमा बढाइएको भाउका बिरुद्ध सडकमा उठेको स्वःस्फूर्त विरोध जुलुस र मूल्य बृद्धिको निर्णय फिर्ता, सात दलले २३ बूंदे सहमतिमा एक महिना भित्र बनाउन पर्ने विभीन्न आयोगको गठन गरिसक्नु पर्ने म्याद गुज्रीएको, र मधेशी आन्दोलनकारीहरुले दोश्रो चरणको आन्दोलन अन्तर्गत मधेशमा शैक्षिक संस्थाहरु बन्द गर्ने कार्य शुरु, नेपाली कांग्रेसका नेता सुशिल कोइरालालाई महोत्तरीमा विरोध र झडप र महोत्तरी बन्द, नेपाली कांग्रेसका कार्यकर्ताहरु, बैंक र सरकारी कर्मचारीहरुको हत्या, खोटांगमा पुलिस चौकीमा आक्रमण र हातहतियार खोसेर लगेका समाचारहरु छाएको थियो । यी र यस अघिका कैयन घटनाहरु घनिभूतरुपमा विकेन्द्रित हुंदै गएको सामुहिक हिंसाको राजनितीका प्रत्यक्ष वा अप्रत्यक्ष रुपहरु हुन् । एक्काइसौं शताव्दिको शुरु देखि सामुहिक हिंसाको राजनिती विश्व समुदायको केन्द्र विन्दूमा आएको छ । नेपाल यस्को अपवाद होइन । यस पटकको साप्ताहिक झटारो यसै विषयमा केन्द्रीत छ ।

**सामुहिक हिंसा र सामुहिक हिंसाको राजनितीको अर्थ**

सामुहिक हिंसाको राजनितीका वारेमा समाजशास्त्री चार्ल्स टिलीले **द पोलिटीक्स अफ् कलेक्टीभ भायोलेन्स** पुस्तक लगायतका पुस्तक र धेरै लेख रचनाहरु प्रकाशित गर्नुभएको छ । टिलीका अनुसार सामुहिक हिंसा भन्नाले या यस्तो सामान्य प्रासंगिक (एपिसोडिक) सामाजिक अन्तरकृया हो जस्बाट व्यक्तिहरु र, अथवा, वस्तुहरुमा तत्वले भौतिक क्षती गर्छ, र यस्तो क्षती गर्नमा कम्तीमा पनि दुइजनाको संलग्नता रहन्छ, र यस्तो क्षती पुऱ्याउने कार्य यी व्यक्तिहरुको समन्वयात्मक कार्यको परिणाम हुन्छ । डकैती, गैरकानूनी सजाय (लिन्चींग), विद्रोह, जनयुद्ध, कान्ती आदि सामुहिक हिंसाका विविध रुपहरु हुन् । यी मध्ये केहि मात्र सामुहिक हिंसाको राजनिती होइनन् । समाजशास्त्री चार्ल्स् टिलीका अनुसार सामुहिक हिंसाको राजनिती भन्नाले विदीत (कन्टेसीयस्) राजनिती हो कीनभने यस्का सहभागिहरुमा एक अर्काको स्वार्थलाई असर पार्ने दावी गर्दछन् र यो राजनिती हो कीनभने सहभागिहरुको सरकारसंगको सम्बन्ध दाउमा रहेको हुन्छ ।

**नेपालमा सामुहिक हिंसाको राजनिती**

वर्तमान नेपालको शिलान्यास लिगलिग कोटमा राजा द्रव्य शाहले गर्दा र भौगोलिक एकिकरणको जग राजा पृथ्वीनारायण शाहले हाल्दा सामुहिक हिंसाको राजनिती बाटै गरेका थिए । सामुहिक हिंसाको राजनिती बाटै जग बसेको हुनाले नेपालको अहिलेसम्मको अढाइ सय वर्ष पुरानो इतिहास सामुहिक हिंसाको राजनितीले निरन्तरता पाउदै आएको छ र भविष्यमा समेत निरन्तरता पाउने निश्चित देखिन्छ । एक सय चार वर्ष लामो एकतन्त्री राणा शासनको जग राणा प्रधानमन्त्री जंगबहादुर राणाले हाल्दा, सात सालमा नेपाली कांग्रेसको नेतृत्वमा राणा शासनको अन्त्य गरेर प्रजातान्त्रिक नेपालको निर्माण गर्दा, सत्र सालमा राजा महेन्द्रले प्रजातन्त्रको घांटी निमोठेर निरंकुश राजतन्त्रको नेतृत्वमा निर्दलीय पञ्चायती व्यवस्था लागू गर्दा, छयालीस सालमा निर्दलीय पञ्चायती व्यवस्था र निरंकुश राजतन्त्रको अन्त्य गरि सम्बैधानिक प्रजातन्त्र र बहुदलीय व्यवस्था स्थापना गर्दा पनि सामुहिक हिंसाकै राजनिती प्रयोग भएको थियो । यस बेलासम्मको सामुहिक हिंसाको राजनिती कतिपय बेला विकेन्दीत हुन खोजेको भए पनि मूलतः केन्द्रीकृत रहेको थियो । जस्तै पञ्चायतकालमा नेपाली कांग्रेस, ने.क.पा. माले र जनवादी मोर्चा आदिले सामुहिक हिंसाको राजनिती प्रयोग गरी विकेन्द्रीत गर्ने असफल प्रयास थियो । छयालीस सालको जनआन्दोलन भाग एक पछि ने.क.पा. माओवादीले बाउन्न सालमा सामुहिक हिंसाको राजनिती प्रयोग गरेको थियो । माओवादीको सशस्त्र विद्रोह उत्कर्षमा पुग्दासम्म नेपालमा सामुहिक हिंसाको राजनिती मूलतः केन्द्रित रह्यो । राज्य पक्षले हिंसाको स्वीच अफ् गर्दा वा माओवादीले हिंसाको स्वीच अफ् गर्दा अफ् हुने अवस्था थियो ।

जनयुद्ध उत्कर्षमा पुगेका बेला राज्य पक्षले माओवादी विद्रोहीहरुलाई दबाउनका लागि र साम्प्रदायिक द्वन्दका रुपमा सामुहिक हिंसाको राजनितीलाई विकेन्द्रीत गर्ने प्रयाश गरेको देखिन्छ । त्यस बेला दैलेख, नवलपरासी, पर्सा, र इलाम जिल्लाहरुमा राज्य पक्षले स्थानीय जनताहरुलाई हातहतियार उपलब्ध गराएर माओवादी बिरुद्ध प्रतिरोध गर्न उक्साएको देखिन्छ भने मधेशी टाइगर्सले मधेशी सवालमा केन्द्रित भएर माओवादी बिरुद्ध सामुहिक हिंसाको राजनिती प्रयोग गरेको देखिन्छ । यस अलावा हृत्तिक रोशन काण्ड पहाडीया र मधेशी विच भएको र इराक काण्ड मुश्लिम र गैर मुश्लिम समुदाय विच भएको साम्प्रदायिक दंगाका रुपमा सामुहिक हिंसाको राजनिती भएको थियो । शुरुका यि सामुहिक हिंसाको राजनितीहरु मध्ये पांच वटा मधेशी, दुइ वटा आदिवासी जनजाति र एउटा मुश्लिम संग सम्बन्धित थिए ।

मैले यि घटनाहरुको विश्लेषण गर्दै नेपाल र एशियाली अनुसन्धान केन्द्रले जुलाई १० र ११, २००५ मा काठमाडौमा आयोजना गरेको एउटा गोष्ठिमा नेपालमा उभ्रदो सामुहिक हिंसाको राजनितीका वारेमा एउटा कार्यपत्र प्रस्तुत गरेको थिएं । उक्त कार्यपत्रमा अहिलेसम्म सामुहिक हिंसाको राजनिती मूलतः केन्द्रिकृत भएकोले केन्द्मा बसेका राज्य पक्ष वा विद्रोही पक्षले स्वीच अफ् गरे अफ् हुन्छ तर यहि गतिमा अघि बढेको खण्डमा सामुहिक हिंसाको राजनिती विकेन्द्रित भइ हाल्यो भने कसैले अन गरे अन र अफ् गरे अफ् नहुने दुर्भाग्यपूर्ण अवस्था आउने सम्भावना टड्कारो भएको यथार्थतालाई औंल्याएको थिएं । नभन्दै आज सम्ममा सामुहिक हिंसाको राजनिती अत्यन्त विकेन्द्रित भइसकेको छ । नेपालमा राज्य पक्षले जति पहल गर्दा पनि शक्ती र अधिकारको विकेन्द्रिकरण कहिल्यै सफल भएन तर अव भने नचाहदा नचाहदै पनि सामुहिक हिंसाको राजनिती भने द्रुत गतिमा विकेन्द्रित भइसकेको छ । अव सामुहिक हिंसाको राजनिती

गर्ने सबैले एकै पटक सामुहिक हिंसाको राजनितीलाई त्याग नगरे सम्म एउटा वा एक भन्दा बढिले त्याग गरि हाले पनि अर्कोले नगर्ने र अरु पनि आउँदै गर्ने अवस्था छ ।

जे भए पनि आजसम्म जे जति सामुहिक हिंसाको राजनिती भएको छ त्यस्को एकमात्र कारक तत्व राज्य पक्ष हो जस्ले शुरुमा यस्तो गर्न उक्सायो र पछि समाबेशीकरण, समानुपातिक, शान्ति प्रकृया आदिको नाउंमा क्षेत्रगत, जातीय, भाषिक, लैंगिक र धार्मिक विभेदहरु र बहिष्करणलाई निरन्तरता दिएको छ । राज्यले मधेशी, आदिवासी जनजाीत, दलित, महिला, अंध आपंग, कर्णाली लगायतका दूर्गम क्षेत्रका जनताहरु आदिको पहिचान गर्न इन्कार गर्दै रहे र न्यायोचित हक अधिकारहरु बाट बञ्चित गर्दै राखे सामुहिक हिंसाको राजनीती अझै घनीभूतरुपमा विकेन्द्रीत हुने निश्चित देखिन्छ ।

## सामुहिक हिंसाको राजनितीको केन्द्र

अहिले सामुहिक हिंसाको राजनितीको केन्द्र विन्दू मूलतः मधेश प्रदेश भएको छ जहां तराई जनतान्त्रिक मुक्ति मोर्चा जस्ता राजनैतिक दल र दर्जनौं समुहहरु सामुहिक हिंसाको राजनितीमा सकृय छन् । मोर्चाका गोइत र ज्वाला सिंह समुहले स्वतन्त्र मधेशको माग राखेका छन् । शान्तिपूर्ण आन्दोलनमा लागेका मधेशी जनअधिकार फोरम र तराई मधेश लोकतान्त्रिक दल लगायतकाले नेपालको सार्वभौमसत्ता र क्षेत्रीय अखण्डतालाई सम्मान गर्दै आत्मनिर्णयको अधिकार सहित क्षेत्रगत स्वायत्तताको माग राखेका छन् । यी बाहेक अन्य कतिपय समुहहरु भने फिरौती उठाउने र अन्य आपराधिक कार्यहरुमा संलग्न देखिन्छन् ।

मधेशीहरु बिरुद्ध राज्यले विगतमा गरेका विभेदहरुको अन्त्य गर्नकालागि संविधान सभा अघिनै आत्मनिर्णयको अधिकार सहित क्षेत्रगत स्वायत्तताको सुनिश्चितता र संविधान सभाका लागि पूर्णरुपमा समानुपातिक निर्वाचन लगायत मधेशी जनअधिकार फोरम लगायतसंग विगतमा राज्य पक्षले गरेका सम्झौताहरुको कार्यान्वयन नभए सम्म मधेशमा सामुहिक हिंसाको राजनितीले निरन्तरता पाउने देखिन्छ । यी मागहरु प्रति राज्य पक्ष आजसम्म गम्भीर भएर सम्बोधन गर्न चाहेको देखिदैन । सात दलले मधेशलाई माइनस गरेर संविधान सभाको निर्वाचन घोषित मिति चैत २८ मा जसरी पनि गर्ने भयो भने अथवा मधेशमा अनवश्यक बल प्रयोग भयो भने शान्तिपूर्ण आन्दोलनमा लागेका मधेशी आन्दोलनको माग स्वतन्त्र मधेश हुने निश्चित देखिन्छ र उनीहरुले पनि बाध्यात्मक रुपमा सामुहिक हिंसाको राजनितीमा लाग्न पर्ने अवस्था सृजना हुनसक्छ । यस्तो भएको खण्डमा एउटा सम्भावना नेपालमा लामो समयसम्म हिंसा प्रतिहिंसा र राजनैतिक अस्थिरता कायम रहने छ भने अर्को सम्भावना या त राज्य पक्ष बलियो भएर विद्रोह दवाउने छ या विद्रोहि पक्ष बलियो भएर स्वतन्त्र मधेशको निर्माण गर्नेछ ।

आदिवासी जनजातिहरुको हकमा राज्य पक्षले बढावा दिएको इलामका लारुम्बा र कामरांग सेना लगायतका समुहहरु सामुहिक हिंसाको राजनितीमा प्रयोग भए पनि खम्बुवान मुक्ति मोर्चाले भोजपुरको दिंगलामा बम पड्काएर सामुहिक हिंसाको राजनिती गरेको थिए । पछि खम्बुवान मुक्ति मोर्चा ने.क.पा. माओवादीमा समाहित भए पछि सामुहिक हिंसाको राजनिती पनि त्यहि पार्टीमा विलीन भयो । आदिवासी जनजातिहरुमा सामुहिक हिंसाको राजनिती खासै देखिएको

छैन । अहिले आएर मंगोल अर्गनाइजेशनको रेडिकल समुहले खोटांगका तिन वटा प्रहरी चौकीमा आक्रमण गरि हातहतियार लगेको यो साताको ताजा समाचारले मधेशीहरुको जस्तै आदिवासी जनजातिहरुको पनि सामुहिक हिंसाको राजनिती उत्कर्षमा पुग्नसक्ने संकेत दिएको देखिन्छ ।

राज्यको प्रमुख विशेषता भनेकै हिंसा र कर (ट्याक्स) माथिको एकाधिकार (मनोपोली) हो । त्यसैले जनयुद्ध शुरु भए देखि नेपालमा दुइ वटा राज्यसत्ता छ भन्ने गरिन्छ । माओवादीहरुको भाषामा एउटा पुरानो सत्ता र अर्को नयां सत्ता । यहि विशेषताकै आधारमा भन्ने हो भने आजकल नेपालमा खास गरेर मधेशमा राज्यसत्ता पनि विकेन्द्रित भईसकेको छ । अव पहाड र तराईका अन्य भागमा पनि सामुहिक हिंसाको राजनिती विकेन्द्रित हुन लागिसकेको छ ।

**विकेन्द्रित सामुहिक हिंसाको राजनितीको समाधान के त?**

सामुहिक हिंसाको राजनितीलाई अरु विकेन्द्रित हुनबाट रोक्ने मात्र नभएर यस्लाई अन्त्य गर्ने उपाय यस् प्रकार छन्:

पहिलो, जनआन्दोलन भाग दुईको जनादेश अनुसार अन्तरिम संसद विधायिका र अन्तरिम सरकारले गणतन्त्रको घोषणा गर्न पर्दछ ।

दोश्रो, संविधान सभा अघि संविधान सभाका लागि हुने निर्वाचनका लागि कम्तीमा पनि जातीय, लैंगिक र क्षेत्रगत आधारबाट पूर्ण समानुपातिक बनाउन पर्दछ ।

तेश्रो, एकल राज्यलाई संघात्मक बनाउने भनेर मात्र पुग्दैन यस्को आधार प्रष्ट पार्न पर्दछ । यो आधार भनेको जातीय, भाषिक र क्षेत्रगत स्वायत्तताको घोषणा हो । संविधान सभाले यी आधारमा स्वायत्तताको विस्तृत खाका बनाउन पर्दछ ।

चौथो, नेपालका प्रमुख राजनितीक दलहरु खास गरेर नेपाली कांग्रेस, नेपाल कम्युनिष्ट पार्टी एकिकृत मार्क्सवादी लेलिनवादी, र नेपाल कम्युनिष्ट पार्टी माओवादीले दलको पुनरसंरचना गरी सभापति, अध्यक्ष, महासचिव, केन्द्रिय समिति र पोलीटब्यूरोको सदस्य जस्ता नेतृत्वदायी पदहरु देखि स्थानीय तहसम्मका संरचनाहरु कम्तीमा पनि जातीय, लैंगिक र क्षेत्रगत आधारबाट पूर्ण समानुपातिक बनाउन पर्दछ ।

पांचौं, मधेशी, आदिवासी जनजाति, दलित, महिला, कर्णाली लगायतका दूर्गम क्षेत्रहरु, अंध अपांग, पेशागत लगायतका समस्याहरुलाई किस्तावन्दीमा समाधान गर्नको सट्टा गोलमेच सम्मलेन गरी समग्रतामा समाधान गर्नु बुद्धिमत्तापूर्ण हुनेछ ।

छैठौं, सहमतीय राजनीति भनेको सात दल विच भागबण्डाको सहमतीय राजनीति नभएर सात दल र मधेशी, आदिवासी जनजाति, दलित र महिला लगायतका आन्दोलनकारी शक्तीहरु संग पनि सहमतीय राजनिती हुन आवश्यक छ ।

**अन्तमा,**

अंग्रेजीमा एउटा कहावत छः ए स्टीच इन टाइम सेभ्स नाइन अर्थात समयमा एक पटकको सिलाईले पछि नौ पटकको सिलाई बचाउंछ । माओवादीहरुसंग प्रतिरोध गर्न सामुहिक हिंसालाई राज्य आफैले विकेन्द्रित गरेको थियो । यस्को विगतमा भएको विकेन्द्रिकरणबाट अव विखण्डनका कुरा उठ्न थालेको छ । संघात्मक लोकतान्त्रिक गणतन्त्र अन्तर्गत आत्मनिर्णयको अधिकार सहित जातीय, भाषिक र क्षेत्रगत स्वायत्तताले नेपाललाई विखण्डन हुनबाट जोगाउंछ र यसैले सामुहिक हिंसाको राजनीतिको औचित्य पनि समाप्त गर्छ । मेरो गोरुको बार्‍ह टक्का भने झैं राज्यसत्ताले मधेशी, आदिवासी जनजाति, दलित, महिला लगायतकाहरुलाई यी अधिकारहरुबाट बञ्चित राख्दा भने सांच्चैको विखण्डन हुनसक्दछ । विगतमा सिंहदरवार जलेका बेला चाइनीजहरुले सिंहदरबारको अग्रभाग जोगाउन आगो लागेका भाग र नलागेको भागका विचमा बम पड्काएर आगोलाग्न बाट जोगाउने उपाय गरेर पछि अगाडीको संरचना जस्ताको तस्तै रहन गएको र पछाडीको भागलाई पूननिर्माण गरेको पाठ नेपालको अहिलेको अवस्थामा ठ्याक्क मिल्न आउंछ । बाहुनवादी शासकहरुले यो यथार्थतालाई जति ढिला आत्मसात गर्छ त्यत्तिनै बढि चक्रबृद्धि सावां व्याज तिर्न पर्ने हुन्छ । फेरी पनि घोषित मिती चैत २८ गते संविधान सभाको निर्वाचन हुननसक्ने निशिच्त भएको अवस्थामा जनविद्रोह रुपी सामुहिक हिंसाको राजनिती एक मात्र विकल्प अवस्यम्भावी बन्दै गएको देखिन्छ ।

January 25, 2008, Kathmandu

Dr. Krishna B. Bhattachan is a well known sociologist and leader of Indigenous Peoples in Nepal. Read his profile» Comments? Write him at: kchan@wlink.com.np

सुप्रसिद्ध समाजशास्त्री डा कृष्णबहादुर भट्टचन आदिबासी जनजाती आन्दोलनका अगुवा हस्ती हुनुहुन्छ।B हरेक साता शुक्रवार वहाँले लेख्नु हुने साप्ताहिक झटारो पढ्न नभुल्नुn होला।

**डा. भट्टचनका पुराना लेखहरु Archive:**

साप्ताहिक झटारो-१: 'मधेशिको आफ्नै राजनीतिक दल बनाउने आँट, आदिबासि-जनजातिर दलितका लागि पाठ'

साप्ताहिक झटारो-२: के स्वायत्ततको माग विखण्डनकारी र साम्प्रदायीक हो?

साप्ताहिक झटारो-३: सात दलका २३ बुंदे सहमति: माछा-माछा भ्यागुता

साप्ताहिक झटारो-४: जातीय समाधान: नाक, छाला को रङ्ग र क्षेत्र कि बर्गबाट?

साप्ताहिक झटारो-५: संघात्मकता र स्वायततताका गाँठाहरु

साप्ताहिक झटारो-६: सोइ ढोले सोइ, हाम्रो राजनैतिक दल खोइ? सोइ ढोले सोइ, हाम्रो शक्ति खोइ?